**मिति २०७९ जेष्ठ १२ गते (वि.सं. २०७९।२।१२) बिहिबार तुलसीपुर उपमहानगरपालिकाको प्रथम कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको भूमि सम्बन्धी समस्या समाधान आयोग,२०७६ को संरचना अन्तरगत भूमि सम्बन्धी समस्या समाधान आयोग लगत संकलन ईकाई तुलसीपुरमा भरिएका भूमिहिन सुकुम्बासी,भूमिहिन दलित र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यबिधिको अनुसूचि ३ र ४ मा रहेका फारामहरुयस पालिकाको वडा कार्यालयमा रहेका र फारामहरुको प्रमाणिकरण र हकदाबीको लागि भूमिहिन सुकुम्बासी,भूमिहिन दलित र अब्यवस्थित बसोबासीको लगत संकलन कार्यबिधि,२०७६ को अनुसूचि ७ क,ख बमोजिमको कुनै वडामा सूचना प्रकासित समेत भएको अवस्था बिद्येमान रहेको र कुनै वडामा सो कार्य बांकी भएको छ । सो आयोग २०७७ सालमा बिघटन समेत भएको र उक्त आयोगले गरेको काम २०७८ मा गठित राष्ट्रिय भूमि आयोग मार्फत गर्ने भनि संझौता समेत भएको अवस्थामा यस पालिकामा संकलित भूमिहिन सुकुम्बासी,भूमिहिन दलित र अव्यवस्थित बसोबासीको लगतको ब्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ११ को उपदफा २ (झ) (ढ) र उपदफा ५(क)को अधिकारको प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकामा लगत संकलन सम्बन्धी कार्यबिधि,२०७८ को दफा ५ को उफदफा १ बमोजिम भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासी सेवा केन्द्रको स्थापना गरी नाप नक्शाङ्कन तथा लालपुर्जा बितरणको कार्य प्रकृयागत ढंगबाट यथासिघ्र अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय तहले आफ्नो क्षेत्र भित्रका असहाय,अशक्त,आर्थिक तथा सामाजिक रुपले पिछडिएका नागरिकहरुको संरक्षणका लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा निशुल्क रुपमा प्रदान गर्नु पर्ने अवस्था भएंकोले तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्रका ७० बर्ष माथिका जेष्ठ नागरिक,५ महिना सम्मका सुत्केरी आमाहरु आकस्मिक रुपमा अस्पताल जानु पर्ने भएमा तथा प्रसुतिका लागि अस्पताल जानु पर्ने र प्रसुति पछि घर फर्कदा एम्बुलेन्स आवश्यक परेमा तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र मात्र निशुल्क रुपमा एम्बुलेन्स उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

२०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्बाचनलाई भब्य,सभ्य र मर्यादित तवरबाट सम्पन्न गर्न अहम भूमिका निर्वाह गरेकोमा निर्बाचन आयोग,सुरक्षाकर्मी,राजनीतिक दल,२०७४ सालमा निर्बाचित जनप्रतिनिधिहरु अधिकारकर्मी,कर्मचारी, तुलसीपुरबासी मतदाता ज्यूहरु,पत्रकार लगाएतलाई हार्दिक धन्यबाद दिने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख